# इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का

## अल्पकालीन सूचना

पाचौं पटक प्रकाशित मिति २०७७।१०।०२

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७७।०७८ को लागि आर्थिक ऐन २०७७ को दफा २१ अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले सम्बन्धित इच्छुक [illegible] फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि पाचौं पटक यो सूचना प्रकाशित गरिएको छ। सम्पूर्ण विवरण सहितको सूचना यस कार्यालयको तथा सम्पूर्ण वडा कार्यालयको सूचना पार्टीमा टांस गरिएको छ। तोकिएको मिति र समयभित्र खरिद गरी कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. मु.अ. कर बाहेक | सिलवन्दी दरभाउ पत्र दस्तुर | दरभाउपत्र फारम खरीद गर्ने अन्तिम मिति | दरभाउपत्र फारम बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३।२०७६।०७७ | साप्ताहिक आईतबारे, बुधवारे हाटकर वडा नं. ९ | छ महिना | १९,०७,९१९। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| २ | ५।२०७६।०७७ | साप्ताहिक सोमबारे हाटकर पकली वडा नं. १७ | छ महिना | १,७५,०११। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ३ | ९।२०७६।०७७ | साप्ताहिक सोमबारे विहिवारे हाट तरहरा वडा नं. २० | छ महिना | २,४५,२७४। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ४ | १०।२०७६।०७७ | एकम्वा आइतवारे हाट १५ नं. वडा कार्यालय छेउ | छ महिना | १३,५००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ५ | ११।२०७६।०७७ | लवीपुर विहिवारे हाटकर वडा नं. १७ | छ महिना | ४५,०००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ६ | १२।२०७६।०७७ | बालग्राम चोक मंगलवारे हाटकर वडा नं. १७ | छ महिना | ४५,०००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ७ | १३।२०७६।०७७ | आपगाछी सोमवारे र विहिवारे हाटकर वडा नं. १ | छ महिना | ६७,५००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ८ | १४।२०७६।०७७ | पुराण चोक शनिवारे हाटकर वडा नं. ३ | छ महिना | २२,५००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ९ | १५।२०७६।०७७ | कान्छिचोक शुक्रवारे हाटकर वडा नं. १७ | छ महिना | ४५,०००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| १० | १७।२०७६।०७७ | सार्वजनिक शौचालय इटहरी बसपार्क वडा नं. ९ | छ महिना | १,५१,७२१। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |
| ११ | १८।२०७६।०७७ | सार्वजनिक शौचालय आइतवारे बुधवारेहाट इटहरी ९ | छ महिना | ४५,०००। | १०००। | २०७७।१०।०८ गते सम्म | २०७७।१०।०९ गते दिउसो १२:०० वजे सम्म | २०७७।१०।०९ गते दिउसो २:०० वजे |

## शर्तहरु

१. दरभाउपत्र वा बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको मिति र समय भित्र यस उप-महानगरपालिकाको कर शाखाबाट खरिद गरि पेश गर्न सकिने छ।

२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. दरभाउपत्र वा बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ।

४. छुट्टा छुट्टै विषयको दरभाउपत्र वा बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम , छाप र फोन नं स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ।

५. रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्र वा बोलपत्रहरु देहाय अनुसारको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउपत्र वा बोलपत्रलाई मान्यता दिईने छैन।

७. दरभाउपत्र वा बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा फर्म दर्ता भइ आ.ब. २०७६।०७७ का कर चुक्ता भएको हुनुपर्ने छ । र पेश्रा गर्ने फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्र प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

८. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ।

९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१०. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा एक बर्षे ठेक्काको हकमा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई २ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोस्रो किस्ता २०७७ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बांकी रकमको हकमा २०७८ असार मसान्त सम्म म्याद कायम रहेको मान्यता प्राप्त बैंकबाट जारि गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

११. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१२. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट उक्त बांकी रकम अशुल उपर गरिने छ ।

१३. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का उप-महानगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१४. ठेक्का संचालन गर्दा उप-महानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिने छ ।

१५. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१७ दरभाउपत्र वा बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कवोल गर्नेसंग संझौता गरिनेछ ।

१८. साविक गा.वि.स. तथा साविक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारवाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आएको ठेक्का स्वीकृत गरिने छैन ।

१९. कुनैपनि चिठ्ठी, तार, टेलिफोन फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२०. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा उप-महानगरपालिकाको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

२१. दरभाउपत्र वा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

२२. नेपाल सरकार, अदालत र उपमहानगरपालिका को आदेश निर्देशन निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२३. ठेक्का कबोल गर्ने ठेकेदारले सकार गरेको रकममा नियमानुसार लाग्ने मु.अ. कर समेत नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

२४. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिने छ ।

२५. कर, दस्तुर शुल्क संकलनको दररेट सहितको सूची दरभाउपत्र वा बोलपत्रसाथ उपलब्ध गराईनेछ । उक्त सुचीको वोर्ड सबैले देख्ने ठाउमा राखि सूचिमा उल्लेखित दर रेटको तोकिएको स्थान वाहेकको ठाउंमा कर दस्तुर शुल्क उठाउन पाईने छैन ।

२६. क) साप्ताहिक आईतबारे बुधबारे हाट वडा नं. ९ को कर संकलन गर्ने क्षेत्र : - टेंग्राखोला देखि पूर्व जुट विकास चोक सम्म हुलाकी मार्गको दायाँ बायाँ तथा उपमहानगरपालिकाले लगाएको पोखरी पुरी बनाएको हाटमा

ख) आइतावारे बुधवारे हटियामा रहेको भवन कोठा भाडा वडा नं. ९ :- उप महानगरपालिकाको आइतावारे बुधवारे हटियामा रहेको भवनका कोठा (सटर) हरु

२७. सबै हटियाको ठेक्का सकार गर्नेल हटिया लाग्ने क्षेत्रमा हाट लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्ने छ ।

२८. साप्ताहिक विहिबारे सोमबारे हाट हांसपोसा क्षेत्रमा मेला लागेको दिन वाहेकको मात्र कर उठाउन पाइने छ र हटियाको फोहोर व्यवस्थापन सरसफाइ ठेकेदार स्वयंले गर्नुपर्ने छ ।

२९. सार्वजनिक शौचालयको सम्पूर्ण फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्ने छ । दर रेटको सूचना अनिवार्य शौचालय अगाडी राखेर मात्र कर उठाउन पाइने छ ।

३०. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

२०७७।१०।०२
अधिकृत छैटौं
अधिकृतस्तर छैटौं